# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर,प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

मो: ८८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail { info@mandavimun.gov.np
mandavimun2073@gmail.com


प.स २०८०/०८१
च.नं:

मिति२०८१/०३/३०

## सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण सम्बन्धी सूचना।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली २०७६ को नियम ९ अनुसार सामाजिक सुरक्षा भत्ता परिचयपत्र हरेक वर्ष नविकरण गर्नु पर्ने व्यवस्था भए बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरी रहेका यस माण्डवी गाउँपालिकाका ५ वटै वडाका सम्पूर्ण लाभग्राहीहरुले **२०८१ साउन १ गते देखि भाद्र मसान्त भित्र** सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ती स्वयम आफैं उपस्थित भई सम्बन्धित वडा कार्यालयमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरणको लागि निवेदन दिनु हुन अनुरोध छ।

साथै सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण नभएको अवस्थामा लाभग्राहीहरुले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न नसक्ने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**आवश्यक कागजातहरु**

- ✓ सामाजिक सुरक्षा कार्यविधि २०७७ को अनुसूची २ ढाँचा अनुसारको निवेदन ( वडा कार्यालयबाट उपलब्ध हुनेछ।)
- ✓ भत्ता बुझ्ने परिचयपत्रको प्रतिलीपी।
- ✓ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलीपी।
- ✓ राष्ट्रिय परिचयपत्र नम्बर वा राष्ट्रिय परिचयपत्र सम्बन्धी आवेदन रुजू फारामको प्रतिलीपी।
- ✓ पासपोर्ट साईजको १ प्रति फोटो।
- ✓ विधवा महिला भए पतिको मृत्यू दर्ताको प्रतिलीपी।
- ✓ ६० वर्ष मुनिका विधवा हकमा अर्को विवाह नगरेको प्रमाणपत्रको प्रतिलीपी।
- ✓ बालबालिकाको हकमा जन्म दर्ता / संरक्षकको नागरिकताको प्रतिलिपी।
- ✓ अपाङ्गको हकमा अपाङ्गको परिचयपत्र / संरक्षकको नागरिकताको प्रतिलीपी।

नोटः पूर्ण अपाङ्ग,१६ वर्ष मुनी र ९० वर्ष माथिका लाभग्राहीहरु बाहेक अन्य सबै लाभग्राहीलाई आ.व. २०८१/०८२ देखि सामाजिक सुरक्षा भत्ता नवीकरण गर्दा राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरिएको छ।

..................
२०८१/०३/३०
**प्रकाश पाण्डे**
**प्रमुख प्रशासकीय अधिकृत**

बोधार्थ
श्री वडा कार्यालय सबै,
माण्डवी गाउँपालिका जस्पुर, प्युठान